# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड २ बुटवल, कार्तिक २७ गते, २०७५ साल संख्या ९

बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

### परिच्छेद -१

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम **"बुटवल उप-महानगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि २०७५"** हुनेछ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

२.१ विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

क. **"कार्यविधि"** भन्नाले बुटवल उप-महानगरपालिकाको **"कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि २०७५"** लाई सम्झनु पर्दछ ।

ख. **"कर्मचारी"** भन्नाले बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आन्तरिक स्रोतबाट पारिश्रमिक प्राप्त गर्ने र नेपाल सरकारबाट काज/सरुवा भई नगर कार्यपालिका/वडा कार्यालयमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्दछ । साथै नगर कार्यपालिका वा वडा कार्यालयमा अस्थायी वा ज्यालादारीमा कार्यरत कर्मचारी र नगर कार्यपालिकाको कार्यालयद्वारा तोकिएको कार्यालयमा उपस्थित भई कार्य सम्पादन गर्ने कर्मचारी समेतलाई जनाउने छ ।

ग. **"कार्यालय समय"** भन्नाले बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाद्वारा यसै कार्यविधि बमोजिम दैनिक सेवा प्रवाह गर्नका लागि तोकिएको कार्यालय समयलाई सम्झनु पर्दछ ।

### परिच्छेद -२

३. **प्रोत्साहन भत्ता उपलब्ध हुने :**

३.१ बुटवल उप-महानगरपालिकाले आफ्ना कर्मचारीहरुलाई देहायको अवस्थामा देहाय बमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराउने छ ।

क. नियमित कार्यालय समय भन्दा अतिरिक्त समयमा कार्यालयको आवश्यकता अनुसार उपस्थित भई कार्य गरेमा ।

ख. सार्वजनिक बिदामा आयोजना भएका कार्यक्रमहरुमा उपस्थित भई कार्य गर्ने ।

ग. प्रत्येक महिनाको कुनै एक शनिबार उप-महानगरपालिकाका विभिन्न अभियानहरुमा सहभागी हुनुपर्ने ।

घ. वार्षिक लक्ष्य पुरा गरेमा थप प्रोत्साहन गर्न सकिने ।

३.२ नियम ३.१ बमोजिम काम गरे वापत श्रेणी विहिन (सफाईकर्मी, माली, कार्यालय सहयोगी र चालक समेत) कर्मचारीहरुलाई निजको आधारभूत पारिश्रमिकको २२%, सहायक स्तर खरिदार, ना.सु वा सो सरह र वडा कार्यालयमा खटिने अधिकृत स्तर समेतलाई निजको आधारभूत पारिश्रमिकको २०% का दरले, साथै कार्यपालिका कार्यालयमा खटिने अधिकृत स्तरका कर्मचारीहरुलाई निजको आधारभूत पारिश्रमिकको १५% का दरले मासिक प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ । क्रिया बिदा र सात दिनसम्मको विदा बाहेक काज तथा अन्य बिदा बसेको अवस्थामा यो भत्ता उपलब्ध हुने छैन ।

३.३. यो कार्यविधि लागु हुनु पूर्व उपलब्ध गराइएको भत्ता यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**

प्रमाणीकरण मितिः २०७५/०७/२६

**राजेन्द्र सिग्देल**

**नि. प्रमुख प्रशासकीय अधिकृत**